२०५८
सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

ग्रामीण युवा विकास कार्यक्रम

AWO International e.V.

# युवा आवाज

वर्ष ५, अङ्क २, पूर्णाङ्क १० (Year 5, Vol. 2, Issue 10) श्रावण - पौष २०७२ / 2015 YOUTH VOICE

## संस्थागत भनाइ



नेपाल भुपरिवेष्टित, अधिकाँश भूभाग हिमाल र पहाडले ओगटेको राष्ट्र हो । देशको आर्थिक तथा सामाजिक विकासको दृष्टिकोणले अन्य राष्ट्रहरूसँग तुलना गर्ने हो भने अल्प विकशित देशको दर्जामा पर्दछ । यसको पूर्व, दक्षिण र पश्चिमको सीमाना भारतले र उत्तरी सीमाना चिनले घेरेका छन् । यी दुवै देश विश्वका विकसित र शक्तिशाली राष्ट्रहरूको सूचीमा पर्दछन् । नेपाल सानो देश, पूर्व–पश्चिम लम्बिएको दुई ठूला देशमा जान दुरीका हिसावले त्यति टाढा पनि नभएको, देश प्राकृतिक दृष्टिकोणले सुन्दर राष्ट्रको रूपमा चिनिने, पर्यटकहरूको आँखा लागेको, जल, जंगल, पहाड, हिमाल र ऐतिहासिक धरोहरहरू भएको यस देशका लागि सफलताका सम्भावनाहरू प्रशस्त मात्रामा छन् ।

नेपालको इतिहासतर्फ हेर्ने भने पनि यहाँ ठूला ठूला राजनीतिक परिवर्तनहरू भए । राजनीतिक परिवर्तनहरूसँगै मानिसमा चेतनाको विकास सँगै शिक्षा, स्वास्थ्य र यातायातमा सुधार पनि हुँदै आएका छन् तर जुन इच्छा, चाहनाका साथ परिवर्तनहरू हुने गरेका छन, त्यो अनुसार व्यवहारमा आउन नसक्नाले मानिसमा वितृष्णा र नैराश्यता बढ्ने गरेको छ । देशमा भएका महत्वपूर्ण परिवर्तनहरूलाई व्यवस्थित र संस्थागत गर्न नसक्नाले देशमा झन् अस्थिरता र भद्रगोलको अवस्था देखिएको छ । बाह्य लगानीकर्ताहरूको लागि राम्रो वातावरण नहुँदा लगानीकर्ताहरू नेपाल वाहेक अन्य देशमा जान थाले भने भएका उद्योगधन्दाहरू धमाधम बन्द हुँदै गएको अवस्था छ । देशमा उत्पादन भएका जनशक्तिहरू बेरोजगार भई कामका लागि बाह्य मुलुकहरू जान बाध्य हुनु स्परेको छ । देशको यस अवस्थालाई बेलैमा सोची, उचित व्यवस्थापनतर्फ नलाग्ने हो भने अवस्था झन् झन् विकराल हुन सक्ने देखिन्छ । तसर्थ देशमा शासन गर्छौ भन्ने शक्तिको ध्यान यतातर्फ जानुपर्ने देखिन्छ । देश रह्यो, यहाँका जनता देशमै बसे भने, यहाँ जीवनशैली राम्रो र सुखी भयो भने शासन गर्नेहरूको लागि शान्ति मीलन सक्छ होला ।

सूचना र सञ्चारका दृष्टिकोणले विश्वलाई सानो बनाएको छ । विश्वका हरेक ठाउँका गतिविधिहरू, सूचनाहरू एउटा कोठामा बसेर मिनेटभर थाहा पाउन सकिन्छ । अहिले सामान्य मानिसले पनि सूचनाको प्रविधिबाट संसारको कुन ठाउँमा के भईरहेको छ, कहाँको अवस्था कस्तो छ भन्ने कुराहरूको खोजी गरी रहेको छ । नेपालीहरूले पनि त्यो सूचना र प्रविधिको केही हदसम्म प्रयोग गरी रहेका छन् । आफ्नो सीप, ज्ञान र औकात अनुसार सूचना प्रयोग गर्दै रोजगारीका लागि बाहिर जाने क्रम बढी रहेको छ । अहिलेको अवस्थालाई विश्लेषण गर्ने हो भने नेपालका पहाडी भू भागमा बसोबास गर्ने मानिसहरू पातलिदै गएका छन् । बस्ती पातलो हुँदै गएको छ, त्यसमा पनि युवाहरूको संख्या चामलमा बियाँ खोजे जस्तो खोज्नुपर्ने अवस्था छ । कुनै किसिमको काम गर्नका लागि जनशक्ति चाहियो भने त्यहाँ पाउन कठिन हुन्छ । त्यहाँको जनशक्ति अन्य मुलुकमा गएर विकास निर्माणका काममा लागेका छन् । युवाहरू बाहिर जाने क्रम पहाडमा मात्र होइन तराई तथा शहरी क्षेत्रमा पनि बढ्दो छ । रोजगारीका लागि बाहिर जाने क्रम बढ्दै जाँदा केही परिवारको केही हदसम्म आफ्नो परिवारको जीवनयापनमा तत्कालका लागि सहयोग पुगेको देखिन्छ तर यो दीर्घकालको लागि भने झन् खतराजनक हुन सक्ने सम्भावना पनि त्यति नै छ ।

विदेश गएकामध्ये कति ठगिएका छन, जुन कामका लागि भनेर यहाँबाट गए, त्यहाँ गएपछि त्यो काम नपाउने अरू नै कठिन काम गर्न बाध्य भएका घटनाहरू पनि छन् । सँगसँगै विदेशमा गई कठिनका साथ कमाएको धन घरमा आई जुन प्रकारले त्यसको सदुपयोग हुनु पर्ने थियो, त्यसको सट्टा त्यो धन पैसालाई दुरूपयोग गरी क्षणिक विलाशिताको जीवनशैलीतर्फ लागि उत्पादनशिल कार्यमा प्रयोग नगरेको थुप्रै घटनाहरू देख्न र सुन्ने गरिएको छ । कति व्यक्तिहरूको अकालमा मृत्यु भएको छ भने बिचको दलालबाट ठगीई, गैरकानुनी काम गरेको भनी सम्बन्धित देशको प्रशासनले थुनामा राखी उल्टै घरबाट पैसा खोजी पठाई उद्धार गर्न परेका घटनाहरू पनि प्रशस्तै छन् । देश विकासका लागि अपरिहार्य युवा शक्ति, जुन उमेरमा केही गर्न सकिन्छ, त्यो उमेर बाह्य मुलुकमा व्यतित गर्ने र उत्पादन गर्न नसक्ने अवस्थामा देशमा फिर्ता हुने हो भने देशको विकास कसरी हुन सक्छ होला ? देशको अवस्था दिनानुदिन खस्कदो छ, अर्थतन्त्र बिग्रदो छ, देशमा उत्पादन छैन, जे चाहियो सबै विदेशबाट ल्याउन बाध्य रहेको अवस्थामा देशको उन्नती प्रगति भन्दा पनि अधोगतितर्फ गईरहने खतरा देखिएको छ । यस परिस्थितिलाई हृदयङ्गम् गरी देशका प्रमुख राजनीतिक दलहरूमा चेतना आउनै पर्छ । योजनाकारहरूले यहाँको प्राकृतिक स्रोत र साधनको अधिकतम प्रयोग गरी सम्पन्न हुन सक्ने विकास योजनाहरूको कार्यान्वयन गर्न आवश्यक छ । सरकारले देशको भौगोलिक अवस्थालाई मध्यनजर राखी भौतिक निर्माणका कार्यहरू सम्पन्न गर्न तर्फ ध्यान जानुपर्ने देखिन्छ । छिमेकी राष्ट्रहरूसँगको सम्बन्धलाई अफ सुमधुर र सुदृढ गर्दै वैदेशिक लगानीकर्ताहरूलाई देशमा भित्र्याउने खालको वातावरण तयार गरी यहाँको उर्जाशील शक्ति युवा वर्गलाई स्वदेशमै रोजगारको अवसर सृजना गर्नु आजको आवश्यकता रहेको छ ।

सामाजिक विकासको क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सरकारी संयन्त्रसँगै मीली, सहकार्यका साथ एकिकृत विकासका लागि काम गर्नुपर्ने देखिएको छ । सहमति संस्था गैंडाकोटले नवलपरासी जिल्लाका पहाडी गाविसहरू जर्मनी संस्था आबो इन्टरनेशनलको सहयोग र सरकारी संयन्त्रको सहकार्यमा ग्रामीण भेगका युवाहरूलाई लक्षित ग्रामीण युवा विकास कार्यक्रम मार्फत स्वरोजगार तथा सुरक्षित आप्रवासनका लागि केही काम गर्न सफल भएको छ । यसको उदाहरणकोरूपमा यस अंकमा प्रकाशित युवाहरूका आवाज र भनाईले प्रतिविम्वित गरेको छ ।

अन्तमा युवाहरूको आफ्नो भावना, अनुभव तथा सिकाईहरूको संगालो युवा आवाज प्रकाशनका लागि आवश्यक व्यवस्थापनमा लाग्नु हुने ग्रामीण युवा विकास कार्यक्रमका सम्पूर्ण साथीहरू, विशेषगरी यसको संयोजनकारी भूमिका निर्वाह गर्नुहुने कृषि तथा फिल्ड संयोजक श्री अम्विका प्रसाद पौडेल धन्यवादका पात्र हुनुहुन्छ । यस अंक प्रकाशनका लागि आवश्यक खुराक स्वरूप आ–आफ्नो क्षेत्रबाट लेख, रचना उपलब्ध गराउने युवा साथीहरूको महत्वपूर्ण योगदानप्रति आभार प्रकट गर्दै सहयोगी संस्था जसले ग्रामीण क्षेत्रका युवाहरूको लागि काम गर्ने मौका दियो आबो इन्टरनेशनल जर्मनीलाई पनि संस्थाको तर्फबाट हादिक धन्यवाद दिन चाहन्छु ।

**रत्नप्रसाद सापकोटा**
अध्यक्ष तथा
सहमति परिवार

## यसभित्र .....

- ❑ कविता, लेख तथा रचनाहरू
- ❑ वैदेशिक रोजगार सम्बन्धी लेखहरू
- ❑ युवा सूचना केन्द्र
- ❑ सहकारी तथा स्थानीय गैससहरू
- ❑ ग्रामीण क्षेत्रमा व्यवसाय गरेर स्वरोजगार भई बसेका युवाहरूका व्यक्तिगत अनुभवहरू

सम्पादक/प्रकाशक :
सहमति, ग्रामीण युवा विकास कार्यक्रम

प्रकाशन सहयोगी
AWO International e.V.

**युवा आवाज**

वर्ष–५, अङ्क–२, पूर्णाङ्क–१०

(श्रावण – पौष २०७२)

**संरक्षक**

रत्नप्रसाद सापकोटा

अध्यक्ष, सहमति

**सम्पादन**

विनय ज्ञवाली

अम्बिकाप्रसाद पौडेल

**विशेष सहयोगी**

अशोक राज पोखरेल

प्रभा ढकाल

कुलकुमारी थापा

लोक प्रसाद श्रेष्ठ

विमला बस्याल

**प्रकाशन सहयोगी**

AWO International e.V.

आवो इन्टरनेशनल



**पत्राचार तथा सुझावका लागि**

**सहमति**

गैंडाकोट–५, नवलपरासी

फोन नं. : ०७८–५०२०९०, ५०२३७३

फ्याक्स : ०७८–५०२२७७

इमेल : sahamati@wlink.com.np

वेभसाइट : www.sahamati.org



**मुद्रण :**

शुभकामना अफसेट प्रेस Shubhakamana Offset Press

शहीदचोक, नारायणगढ, फोन: ०५६–५७१७८५

इमेल : shubhakamana_press@yahoo.com


# सम्पादकीय..........

शहरमा जस्तो ग्रामीण क्षेत्रमा यातायात, शिक्षा, स्वास्थ्य,रोजगार जस्ता कुराहरूको व्यवस्था नभएका कारण समाजको विकास उल्लेख्यमात्रामा हुन सकिरहेको छैन । देशमा भैरहेको राजनैतिक अस्थिरताका कारण, उद्योगधन्दाको स्थापना हुन नसक्नु, गाउँका युवाजनशक्ति विदेशतिर जानेक्रम बढ्दै जानु, गाउँमा रोजगारको सजना हुन नसक्नु र खेतीयोग्य जमिन बाँझोमा परिणत हुदै जाँदा कृषि उत्पादन र उत्पादकत्व घट्नु जस्ता क्रियाकलापले देशको आर्थिकस्तर खस्किदै गईरहेको अवस्था छ । अर्कोतिर नेपाली युवाले विदेशमा दु:खसित कमाएर पठाएको अरबौं रूपैंया (विप्रेषण) लाई जलविद्युत, घरेलु उद्योग तथा व्यवसायको स्थापना, कृषि फर्महरूको विकास र विस्तारका क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता छ । यस्ता क्रियाकलापले मात्र देशमा रोजगारको अवसरमा बृद्धि भई देश आत्मनिर्भरता तर्फ उन्मुख हुने कुरामा कुनै दुई मत छैन । गाउँको विकास नभएसम्म समाजको विकास र समाजको विकास नभएसम्म देशको विकास सम्भव छैन भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै सहमति ग्रामीण युवा विकास कार्यक्रमले गैंडाकोट नगरपालिकाको वार्ड नं. ३, रतनपुर, कोटथर, डाँडाझेरी, बुलिङ्टार र अर्खला गा.वि.स.मा रहेका सहकारीको प्रबर्द्धन गरी पुँजी परिचालनमा सहयोग तथा कृषि तथा गैर कृषि व्यवसायमा युवाहरुको संलग्नतालाई जोड दिँदै रोजगारीको अवसर सिर्जना गर्ने कार्यक्रम संचालन गरिएको छ ।

त्यस्तै स्थानीय गैससहरूले स्वावलम्वन प्रयासमा आधारित क्रियाकलापहरू अन्तरगत कुलो निर्माण, बङ्कर तथा बाख्राको खोर निर्माण, समाजमा हुने विभिन्न किसिमका विकृति, विसंगतीलाई रोक्न चेतनामुलक कार्यक्रमहरू सञ्चालन, गाउँका विकासमा देखिएका समस्याहरूलाई पहिचान गर्दै गा.वि.स., जि.वि.स.तथा सरोकारवाला निकायमा प्रस्तावना पेश गरेर गाउँको विकास गर्ने प्रक्रियामा अगाडि बढेका छन् । त्यस्तै स्थानीय युवाहरू सीपमुलक तालिम सिकेर गाउँमै घरेलु व्यवसाय स्थापनामा अग्रसर हुँदै गइरहेका छन् । युवा आप्रवासन सूचना केन्द्रहरू मार्फत वैदेशिक रोजगारीको क्रममा हुने जोखिम तथा न्यूनीकरण, वैदेशिक रोजगारीमा जाँदा आवश्यक पर्ने कागज पत्रहरू र अपनाउनुपर्ने सावधानीहरू, वैदेशिक रोजगारसँग सम्बन्धित अभिमुखीकरण, हाते पुस्तिका, पोष्टर, स्टिकर,फ्लेक्स् प्रकाशन, विप्रेषण व्यवस्थापनका लागि वित्तीय साक्षरता तालिम, सडक नाटकहरू, साप्ताहिकरूपमा वैदेशिक रोजगार सम्बन्धी परामर्श, वैदेशिक रोजगारको सिलसिलामा ठगीमा परेका युवाहरूको सूचना संकलन गर्ने कार्यले कार्यक्षेत्रका ८० जना भन्दा बढी युवाहरूको कागज पत्र संकलन भएको, ७० जना भन्दा बढीले बैंक तथा वित्तीय संघसंस्थाहरूमा खाता खोल्ने काम भएको, ५ जना ठगीमा परेका युवाहरूलाई सम्पर्क समन्वयबाट उद्धार गरीएको, सडक नाटक प्रदर्शनबाट १८५० जनाले युवाहरू सुसुचित हुने अवसर प्राप्त गरेका छन् । त्यस्तै विभिन्न महिला तथा कृषि समूहहरूलाई दीगोरूपमा अगाडि बढाउन सम्बन्धित नीकायमा दर्ता गर्ने, कृषिसँग सम्बन्धित पोष्टर तथा ब्रोसर प्रकाशन गर्ने डाडाँझेरी तथा कोटथर गा.वि.स.मा आबद्ध १५१ कृषकहरूको २३८१ रोपनी क्षेत्रफलमा रहेको अदुवा, सुन्तला र दालचिनी उत्पादनलाई नेपालको प्राङ्गारिक कृषि उत्पादन तथा प्रशोधन प्रणालीको राष्ट्रिय प्राविधिक मापदण्ड बमोजिम प्रमाणित गरी संकेत चिन्ह प्रयोग गर्ने अनुमति प्रदानबाट आगामी दिनमा यस क्षेत्रमा उत्पादन भएका कृषि उपजहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत सम्पर्क, समन्वय गरेर लाखौं रूपैंया लिन सकिने सम्भावना बढेको छ । यसरी गाउँमा रहेका सहकारीहरू, गैससहरू, युवा आप्रवासन सूचना केन्द्रहरू, स्थानीय समूहहरूलाई अझ व्यवस्थितरूपमा व्यवस्थापन तथा क्षमता अभिबृद्धि गरेर विकासको क्षेत्रमा अगाडि बढाउन सके गाउँको विकासले को ठूलो फड्को मार्ने निश्चित छ ।

अन्तमा युवाहरूले वैदेशिक रोजगारको सिलसिलामा देखेका, सुनेका तथा आफैले जीवनमा प्रत्यक्षरूपमा भोगेका अनुभवहरू, गाउँमै स्वरोजगार भई स्वावलम्वि बनेर आम्दानी गरेका अनुभवहरूलाई आधार वनाएर लेखिएका कविता, लेख, रचना तथा अनुभूतिहरू ग्रामीण क्षेत्रमा बसोबास गर्ने युवाहरूबाट व्यक्त गरिएका सृजनाहरु हुन् । यी सृजनात्मक रचनाहरूले कार्यक्षेत्रका युवाहरूलाई मात्र नभई सम्पूर्ण युवाहरूलाई नै प्रेरणा प्रदान गर्नेछ भन्ने कुरामा हामी आशावादी रहेका छौं । पाठकवृन्द, आगामी अङ्कको लागि सल्लाह, सुझाव र प्रतिक्रियाको अपेक्षा राख्दै तपाईंसँग पनि वैदेशिक रोजगार एवम् आयआर्जनसँग सम्बन्धित वास्तविक घटनामा आधारित लेख, रचनाहरू भए पठाई सहयोग गरिदिनु हुन समेत हार्दिक अनुरोध गर्दछौं । ❖❖❖

# आप्रवासन सुरक्षित कसरी बनाउने ?

✍ विज्ञान पुरी
बुलिङ्टार, नवलपरासी

नेपालीहरू वैदेशिक रोजगारमा जान आरम्भ गरेको लगभग २०० वर्ष भन्दा बढी नाघेको छ । नेपालको अर्थतन्त्र उदारीकरणतर्फ लम्कन थालेपछि औपचारिक माध्यमबाट विदेशमा काम गर्न जाने क्रम बढ्दै गएको हो । नेपालमा प्रति वर्ष पाँच लाख भन्दा बढी नेपाली श्रमिकहरू श्रम बजारमा प्रवेश गर्दछन् । नेपाल सरकारले नेपालमा रहेको यति धेरै श्रम सदुपयोग गर्न नसक्दा नेपालीहरू स्वदेशमा बेरोजगारी भएर बस्न बाध्य भएका छन् । दिनानुदिन बेरोजगारको संख्या बढ्दै जाँदा रोजगारीका लागि सरकारले पर्याप्त अवसरको खोजी नगर्दा नेपाली युवाहरू रोजीरोटीका लागि वैदेशिक रोजगारको विकल्प खोज्न पुगेका हुन् । वर्तमान समयमा पुरूष लगायत महिलाहरू पनि कामको खोजीमा विदेश तिर नै बाहिरिने क्रम बढ्दै गएको छ । यसरी काम गर्ने जनशक्ति विदेशतिर आकर्षण हुँदा स्वदेशमा बालबच्चा र वृद्धवृद्धाहरूले मात्र समाज र देशको प्रगतिलाई कसरी अगाडि बढाउन सक्छन् ? सरकारले स्वदेशमै रोजगारीका विकल्प दिन नसकेर उल्टै फ्रि भिसा र फ्रि टिकटको माध्यमबाट भएका युवा जनशक्तिलाई पनि बाहिर जानको लागि उत्साहित गरेको देखिन्छ । यस किसिमको कार्यले देशले के को प्रगतिको आशा गर्ने ? यो सम्बन्धित पक्षले बेलैमा सोच्नु पर्ने बेला आएको छ ।

प्रत्येक व्यक्तिलाई आफ्नो जीवनयापनका लागि केही न केही रोजगारी तथा अवसर चाहिन्छ । देशमा रोजगारीको अवसर नभएकै कारण मानिसहरू रोजगारीका लागि विदेशतिर पलायन भईरहेका छन् । विदेश जान मन नभएका मानिसहरूलाई पनि देशमा सरकारको स्थायित्व, उद्योगधन्दाको विकास, पुर्वाधार जस्ता क्षेत्रहरूको विकास नभएका कारण रोजगारको विकल्प एक मात्र विदेश हो भन्ने क्रम बढ्दै गएको छ । अर्कोतिर स्वदेशमा रोजगारीको विकल्प नदिए पनि विदेशमा काम गर्न गएका नेपालीहरूलाई त्यस देशको न्यूनतम ज्यालादर, तोकेर सीप अनुसारको काम उपलब्ध गराई उचित ज्याला दिने प्रबन्ध मीलाईदिन सके पनि नेपाली दाजुभाईहरूले विदेशमा दुःख कष्ट भोग्नु पर्ने थिएन । त्यसमा पनि नेपाल सरकारले ध्यान दिएको देखिदैन । जसले गर्दा नेपाली दाजुभाईहरू दलालको फन्दामा परेर जाँदा बढी रकम तिरेर जाने अनि गन्तव्य देशमा पुगी सकेपछि कम ज्यालादरमा काम गर्न बाध्य छन् । त्यस्तै गाउँबाट दलालहरूले विदेश लैजाने नाममा ठग्ने, अलपत्र पारिदिने, एउटा काम भनेर अर्को काममा लगाउने जस्ता कार्यले गर्दा पनि ति युवाहरूको जीवन झनै कष्टकर बन्दै गएको देखिन्छ । अहिले हेर्ने हो भने देशमा धेरै युवाहरूले विदेशबाट पाएका दुःखकष्ट पाएका समाचारहरू रेडियो तथा पत्रपत्रिकाहरूबाट सुन्न र टेलिभिजनबाट देख्न पाईन्छ । बिचरा ति युवाहरूलाई विदेश जाँदा अपनाउनु पर्ने महत्वपूर्ण कुराहरूको बारेमा जानकारीको अभावले गर्दा विदेशमा अलपत्र परेका हुन् ।

हाम्रो गाउँमा सहमति, ग्रामीण युवा विकास कार्यक्रमले ग्रामीण क्षेत्रका युवाहरूलाई केही हदसम्म भएपनि सुनौलो बचत तथा ऋण सहकारी संस्थाको व्यवस्थापनमा सञ्चालन गरिएको युवा आप्रवासन सूचना केन्द्रले वैदेशिक रोजगार सम्बन्धी जानकारी दिएको छ, जुन अति नै प्रभावकारी देखिएको छ । जसबाट ग्रामीण क्षेत्रका सोझासादा युवाहरूलाई बुझ्ने मौका मीलेको छ । विदेश जाँदा म्यानपावरबाट गएमा सुरक्षित हुन सकिन्छ भन्नेकुराको जानकारी नहुँदा र दलालबाट विदेशका लागि प्रक्रिया मीलाउदा धेरै रकम खर्च हुन्छ भन्ने कुराको जानकारी नभएका कारण धेरै युवाहरू दुःख पाईरहेको अवस्था रहेको थियो । अहिले विदेश जाँदा पासपोर्ट बनाउने, पैसा बुझाई सकेपछि भरपाई लिने, श्रम स्वीकृति लिने, कल्याणकारी कोषमा रकम बुझाएको रसीद, ईजाजत प्राप्त मेडिकल संस्थाबाट चेक जाँच गर्ने लगायतका सूचना तथा जानकारी लिएर जान सके विदेशमा सुरक्षित गन्तव्यस्थान पहिल्याउन सकिने रहेछ भन्नेकुराको जानकारी भएको छ ।

अर्कोतिर विदेश प्रस्थान गर्दा जुन देशमा काम गर्न जाने हो त्यस देशको धर्म, सँस्कृति, कानून, हावापानी आदि बारे पर्याप्त जानकारी पनि लिई राख्नु पर्दछ । त्यस्तैगरेर वैदेशिक रोजगारमा जानु पूर्व कुनै कामको सीप सिकेर जानु पर्छ । यदि सीप सिकेर काममा जाँदा एकातिर भरपर्दो र विश्वासी बन्न सकिन्छ त अर्कोतर्फ काममा दक्ष बन्दा कामको गुणस्तरमा निपुणता प्राप्त गर्न सकिन्छ र ज्याला पनि बढी पाउन सकिन्छ । अर्कोतिर विदेश पुगेपछि पनि विभिन्न दलालहरूले पैसा पठाईदिने आश्वासनको लोभ देखाएर लुटेको घटनाहरू पनि व्यापकरूपमा रहेका छन् । ति कुराहरूमा पनि हामीले विशेष ध्यान पुर्याउनु पर्ने हुन्छ । त्यस्तै विदेशमा रहँदा आफ्नो स्वास्थ्यको ख्याल राख्नेकुराहरू, कमाएको पैसालाई कसरी सुरक्षित राख्ने, आफु कसरी सुरक्षित बन्ने, समस्या परेमा कहाँ र कसरी सम्पर्क राख्ने लगायतका कुराहरू प्रष्ट हुनु जरूरी रहेको छ ।

अन्तमा वैदेशिक रोजगारमा जाने वा गएका सम्पुर्ण युवाहरूलाई के भन्न चाहन्छु भने हाम्रो युवा आप्रवासन सुचना केन्द्रले गएका युवाहरूको साथै जाने युवाहरूको समेत कागज पत्र संकलन गरेर सुरक्षितरूपमा फाईल गरेर राख्ने गरेको छ । यदि तपाईहरू पनि विदेश जादै हुनु हुन्छ भने एक प्रति वैदेशिक रोजगारीको क्रममा पेश गरिएका सबै कागज पत्रहरू फोटोकपी गरेर एक प्रति तपाईले लैजाने र एक प्रति युवा आप्रवासन सुचना केन्द्रमा बुझाउने अनि जसरी पनि एक पटक युवा आप्रवासन सूचना केन्द्रमा आएर ज्ञान लिएर जान नबिर्सिनु होला भन्न चाहन्छु । आप्रवाशन सम्बन्धी केही कुराहरू शब्द मार्फत लेख्ने अवसर प्रदान गर्न दिनु भएकोमा सहमति, ग्रामीण युवा विकास कार्यक्रम प्रति आभार प्रकट गर्न चाहन्छु ।

जय आप्रवाशन ! जय आप्रवाशन !! जय आप्रवाशन !!!

❖❖❖

# युवा आप्रवासन सूचना केन्द्रको महत्व

✍ जानकी पुरी
बुलिङटार-५, बाँझगरा, नवलपरासी

बुलिङ्टार गा.वि.स. भौगोलिक हिसावले चारैतिर डाँडाकाँडाले घेरीएको बिचमा समथर भूभाग पूर्व तिर छिमेकी डाँडाझेरी गा.वि.स.स्वच्छ र निश्चल रुपमा आफ्नो गन्तव्य स्थानतिर बगिरहेको कालिगण्डकी नदी र उत्तर तर्फ छिमेकी जिल्ला तनहुँ जिल्ला रहेको दक्षिण तिर अर्खला गा.वि.स. को बिचमा रहेको छ । यस क्षेत्रका पहाडी ईलाकामा बसोबास गर्ने मानिसहरूको मुख्य पेशा भनेको कृषि र वैदेशिक रोजगारमा जाने रहेको छ ।

नेपालमा बसेर आफ्नो आवश्यकताहरू पुरा गर्न नसकेको र गरिवी रेखामुनी बसिरहनु पर्दाको पीडा लाई सम्झेर बेरोजगारीको कारणले विना सल्लाह सुझाव नलिई वैदेशिक रोजगारलाई अगाल्न बाध्य थिए पहिले यहाँका युवाहरू । सन् २०१४ जनवरी देखी सहमति संस्थाद्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम यस गाउँमा जव संचालन भयो तव वैदेशिक रोजगारमा जाने युवाहरूको सूचना स्थल युवा आप्रवासन सूचना केन्द्रको स्थापना भयो । यस युवा आप्रवाशन सूचना केन्द्रले वैदेशिक रोजगारमा जाने युवाहरूको तथ्याङक संकलन, तिनिहरूको नागरिकताको फोटोकपी र अन्य कागजपत्रहरूको फोटोकपी संकलन गर्नुका साथै वैदेशिक रोजगारमा गएका वा जान लागेका युवाहरूलाई गाउँमै गएर वा युवा आप्रवाशन सूचना केन्द्रमा बोलाएर आवश्यक सरसल्लाह तथा परामर्श दिने काम पनि सूचना केन्द्रबाट थालनी भएको छ र अहिले यस गाउँमा संस्थाको महत्व बद्दै गएको छ । यहाँका युवाहरू लगायत अन्य मानिसहरू दैनिक रूपमा पत्रपत्रिका पढ्ने, विदेश जान लागेका वा जान ईच्छा गरेका युवाहरू पत्रपत्रिका मार्फत म्यानपावरको खोजी गरी कम्पनीमा जाने कार्य पनि विस्तारै बढ्दै गएको छ । युवा आप्रवाशन सूचना केन्द्रबाट विदेश जान लागेका युवाहरूलाई वैदेशिक रोजगारीका लागि चाहिने प्रक्रियागतकुराहरूको बारेमा जानकारी उपलब्ध हुन्छ भने स्वदेशमा पनि अवसरका बाटोहरूको बारेमा पनि जानकारी दिने गर्नाले कतिपय युवाहरू स्वदेशमै इलमी बन्नेकुरा तर्फ पनि बढेको देख्न पाईन्छ । वर्तमान समयमा विदेशमा ठगीमा परेका युवाहरूको कागज पत्र संकलन कार्य गरेर पीडितलाई न्याय दिलाउनको लागि सम्बन्धित कार्यालयमा सम्पर्क समन्वय गरेर कागजपत्र पेश गरेर मीलाउने कार्यतर्फ पनि संस्था अगाडि बढेको छ ।

त्यस्तै युवा आप्रवाशन सूचना केन्द्रमा रहेका पुस्तक तथा पत्रपत्रिकाको माध्यमले पढ्ने बानीको विकास पनि बढ्दै गएको छ । त्यस्तै वर्तमान समयमा गाउँबाट धेरै युवाहरू विदेश गएका छन् । तर तिनिहरूको परिवारलाई वैदेशिक ज्ञान सम्बन्धी जानकारीवारे थाहा नभएको स्थिति छ । त्यसो हुँदा युवा आप्रवासन सूचना केन्द्रद्वारा सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरूबाट विदेश जानु अघि ध्यान दिनुपर्ने कुराहरू, कुन देश जाँदा कति खर्च लाग्छ ? आफु काम गर्ने कम्पनीमा आफ्नो तलव कति छ ? PP space passport No space 4001 मा

(बाँकी ५ पेजमा)

# ग्रामीण क्षेत्रमा अलग पहिचान बनाउन सफल

✍ तिर्सना पुलामी
युवा आप्रवासन सूचना केन्द्र परिचालिका, अर्खला-४, न.प.

नवलपरासीलाई सुगम जिल्ला मानिएता पनि पहाडी गा.वि.स.हरू विकासको दृष्टिकोणबाट अत्यन्तै दुर्गम छन् । ति गा.वि.स.मध्येको अर्खला गा.वि.स. पनि एक हो । भौगोलिक हिसावले पनि चारैतिर डाँडाकाडाँ र अग्ला पहाडहरू तथा ती पहाडमा वनेका घरहरू हेर्दा यो गा.वि.स.कहिले सुगम होला । यस गा.वि.स.मा अधिकांश मगर जातीहरूको बसोबास रहेको छ । यी समुदायको मुख्य पेशा परम्परागत खेतीपाती, बाख्रापालन, बङ्गुरपालन तथा वैदेशिक रोजगार रहेको छ । पुर्वाधारको हिसावले अर्खला गा.वि.स.मा मोटर बाटो कच्ची, विद्युतको असुविधा, खानेपानीको अभाव लगायतका समस्याहरू अनेकौं रहेका छन् । यीनै समस्याहरूलाई समाधान गर्न सरकारी तथा गैर सरकारी संस्थाहरूले काम गर्दै आएका छन् । यसै क्रममा सहमति पनि एउटा गैर सरकारी संस्था हो । यस संस्थाले गाउँको विकास गर्नका लागि ग्रामीण युवा विकास कार्यक्रम जनवरी २०१४ बाट सञ्चालन भएको छ । कार्यक्रमको आर्थिक सहयोग र शसक्त नारी वचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा युवा आप्रवासन सूचना केन्द्र स्थापना भएपछि गाउँका युवाहरू विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरू पढ्न आउनेहरूको क्रम बद्दै गएको छ । त्यस्तै विदेश जान लागेका युवाहरू पनि युवा आप्रवासन सूचना केन्द्रमा आएर वैदेशिक रोजगार सम्बन्धी जानकारी लिई जान थालेका छन् । त्यस्तै सूचना केन्द्रमा रहेका पुस्तक तथा पत्रपत्रिकाहरू, वैदेशिक रोजगार सम्बन्धी हाते पुस्तिका, क्यालेण्डर, विप्रेषण सम्बन्धी स्टिकरहरू, कृषि सम्बन्धी ब्रोशर तथा पोष्टरहरू लगायतका अध्ययन सामाग्रीहरूले युवाहरूको मानसपटलमा परिवर्तन ल्याएको देखीएको छ ।

युवा आप्रवासन सूचना केन्द्रमा स्थानीय युवाहरू आएर ज्ञानवर्द्धक पुस्तकहरू, पत्रपत्रिकाहरू अध्ययन गर्ने परिपाटीको विकास हुदै गएको छ । विशेषगरी यस केन्द्रमा दैनिक रूपमा आउने पत्रपत्रिकाहरूले पनि यसको महत्व अझै बढाएको देखिन्छ । शुरूमा यहाँका युवाहरूलाई युवा आप्रवासन सूचना केन्द्र भनेको के हो ? यस्ले के के कामहरू गर्छ ? भन्नेकुराको जानकारी थिएन । तर अहिले युवा आप्रवासन सूचना केन्द्रमा विभिन्न प्रकारका सूचनामूलक सामग्रीहरू, लेख रचनाहरू, ज्ञानवर्द्धक पुस्तकहरू जस्तैः विभिन्न विधाका पुस्तकहरू कथा, कविता, गजल, गाउँखाने कथाहरू, निवन्ध तथा ज्ञानबर्द्धक पुस्तकहरू, वैदेशिक रोजगार सम्बन्धी सूचनामूलक सामग्रीहरू, विभिन्न पत्रपत्रिकाहरू, युवा मञ्च, अन्तर्राष्ट्रिय मञ्च, स्वास्थ्य सम्बन्धी जानकारीहरू, चेतनामा आधारित मनोरञ्जनमूलक, सीपमूलक, सूचनामूलक सामग्रीहरूले गर्दा पनि युवा तथा बालबालिकाहरूको आकर्षण बद्दै गएको हो । युवाको आकर्षणको केन्द्रविन्दु वैदेशिक रोजगारसंग सम्बन्धित भएकाले युवा आप्रवासन सूचना केन्द्रले साप्ताहिक परामर्शमा वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने

(बाँकी ५ पेजमा)

# शिक्षाले ल्याएको परिवर्तन

✍ अनिता थापा मगर
डाँडाझेरी–१, भेल्लौरी, नवलपरासी

२०५५ साल मसिर महिनामा जन्मेकी म अनिता थापा एक गरिब र अशिक्षित परिवारको जेठी सन्तानकी छोरी हुँ । मेरो बुबा आमा सधैं खेतवारीमा कडा परिश्रम गरी घरपरिवार जेनतेन गरी चलाउने गर्नुहुन्थ्यो । जब मानिसमा आफ्नो दैनिक आधारभुत आवश्यकताहरू पुरा हुन सक्दैन तव सम्म विकासको कुरा सोच्न पनि सक्दैन । मेरो घरको प्रतिकुल अवस्थामा पनि उहाँहरूले मेरो भविष्य उज्ज्वल होस् भन्ने उद्देस्य राखेर शिक्षाको उज्यालो बाटो देखाई दिनु भयो ।

जसरी एउटा विरुवालाई हुर्काउन मलजल र हेरचाह गर्ने मालीको आवश्यकता पर्छ त्यस किसिमले आजको बालक भोलीको कर्णाधारकोरूपमा बनाउनको लागि उचित शिक्षा र दिक्षाको आवश्यकता पर्दछ । त्यसको साथ साथै एक असल विद्यार्थी बन्नको लागि विभिन्न शैक्षिक सामग्रीहरू पनि उत्तिकै आवश्यकता पर्दछ । जसको प्रयोग विना शिक्षा प्राप्ती गर्न सक्दैन र विद्यार्थी जीवन पूर्ण हुन सक्दैन । म यिनै सामगी जुटाउन नसक्दा मेरो शिक्षा अगाडी बढाउन सकेको थिईन । अर्कोतिर नियमितरूपमा शैक्षिक सामग्रीको उपलब्धता नहुँदा मेरो पढाईमा धेरै बाधा अड्चनहरू आईरहेका थिए । अर्कोतिर मेरो पढाई धेरै राम्रो थियो । मैले पढाईलाई निरन्तरता दिन चाहन्थें तर मेरो घरको आर्थिक अवस्था कमजोर भएका कारण बीचमा नै छोड्नु पर्ने अवस्था भईरहेको थियो । तैपनि म विभिन्न वाधा अड्चनसंग पौंठी जोहोरी खेल्दै पढाईलाई अगाडि बढाउदै गईरहेकी थिए । सहयोगी संस्थाको बारेमा पनि बुझ्दै गईरहेको थिएँ । काम गर फलको आशा नगर भन्ने उखान जस्तै मैले पनि पढाईलाई निरन्तरता दिदैं गएँ यसैक्रममा शिक्षामा सहयोग गर्ने संस्थाको रूपमा सहमति ग्रामीण युवा विकास कार्यक्रमसँग सम्पर्क हुन पुग्यो ।

म पनि पढाईप्रति लगनशील र मेहनती भएका कारण संस्थाबाट सहयोग प्राप्त भयो । संस्थाले पढाईको लागि आवश्यक पर्ने शैक्षिक सामग्री जुटाई दिने अवसर मीलाइ दिएपछि मेरो पढाईलाई अगाडि बढाउन हौसला बढ्न थाल्यो । मैले पढाईप्रति मेहनत गर्दै गएँ । म कुनै पनि कक्षामा दोश्रो श्रेणी पनि भईन । जसको श्रेय सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई जान्छ । मैले त केवल पाएको सहयोगलाई सदुपयोग मात्र गरेकीं हुँ । जहिले पनि प्रथमको प्रथम भएको देख्दा मेरा साथिहरू अचम्म मान्ने गर्दथे । किनकी घरायसी अवस्था कमजोर भएकोले गर्दा गाउँका व्यक्तिहरू पनि यो नानीलाई पढ्ने वातावरण मीलाईदिनु पर्दछ भन्थे तर कसैले पनि आर्थिक दिने गर्दैनथें । किनकी मलाई पहिलो आवश्यकता नै आर्थिक जुटाउनु थियो । यसरी संस्थाले मेरो लागि गरेको सहयोगप्रति आभार प्रकट गर्न चाहन्छु । अन्तमा पढ्न रुची भएका तर आर्थिकरूपले आफ्नो पढाईलाई अगाडि बढाउन नसकेका गरिब परिवारका छोराछोरीहरूलाई पढाई दिन अनुरोध गर्दै संस्थाको सफलताको लागि धन्यवाद दिदैं सानो गजलबाट टुङ्गाउन चाहन्छु ।



गरिबलाई नी यो दुनियाँमा बाँच्न देउन भगवान् ।
दुःख पीडा भुलाई नाच्न देउन भगवान् ।
मलाई पनि रहर छ ठूलो मान्छे बन्ने प्रभु ।
हरेक इच्छा चाहना साच्न देउन भगवान् ।
मन त छ धन छैन भने जस्तो पढ्न पनि ।
पटक पटक परिक्षा लिई जाँच्न देउन भगवान् ।
एकान्तमा रुने गर्छु घरको दुःख सम्झी सम्झी ।
पलभर त मलाई पनि हाँस्न देउन भगवान् ।

❖❖❖

## युवा आप्रवासन ......................

सेन्ड गरी कागज पत्र पेश गरीसकेपछिको बारेमा जानकारी लिने विधि वारे जानकारी, विदेश गइसकेका तथा विदेश जानको लागि तयारी गरिरहेका युवाहरूको कागजपत्रहरू संकलन गरेर युवा आप्रवासन सूचना केन्द्रमा सुरक्षित तरिकाले राखिदीने र विदेशबाट फर्केर आएपछि सबै कागजपत्र फिर्ता गरिदिने भन्नेकुराले पनि यस्को महत्व अझै बढ्दै गएको छ । किनकी विदेशमा गएर केही घटना भयो भने कहाँ गएर सम्पर्क गर्ने ? के के प्रक्रियाहरू अपनाउनु पर्ने हो ? के के कागजपत्रहरू आवश्यक पर्छन् ? ति कागजपत्रहरू कहाँ लगेर पेश गर्ने ? लगायतका जानकारीहरू थाहा पाउँदा यस क्षेत्रबाट गएका युवाहरूको परिवारलाई पनि धेरै नै फाइदा पुर्‍याएको छ । सूचनामुलक जानकारीको पहुँचबाट टाढा भएका स्थानीय युवा तथा उनीहरूको परिवारलाई यस्ले धेरै नै मद्यत पुर्‍याएको छ ।

यसरी सहमति, ग्रामीण युवा विकास कार्यक्रमले गरेको प्रशंसनीय कार्यलाई धन्यवाद दिदै आगामी दिनहरूमा पनि निरन्तर रूपमा सहयोगको अपेक्षा गर्दछु । ❖❖❖

## ग्रामीण क्षेत्रमा ..................

कुराहरू, नेपाल सरकारले विदेश जानको लागि खुल्ला गरेका देशहरूबारे जानकारी, कालोसूचीमा परेका विभिन्न म्यानपावरहरू, विदेशमा रहेका नेपाली राजदूतावासका विभिन्न नम्बरहरू, करारनामा पत्र, श्रम स्वीकृति पत्र, विभिन्न मुलुकमा जाँदा लाग्ने रकमहरू, आप्रवासन सम्बन्धी सडक नाटक प्रदर्शन आदि बारे जानकारी गराउनुले पनि यसको महत्व अझ बढी भएको हो । अहिले सम्म ५०० जना सदस्यहरूले युवा आप्रवासन सूचना केन्द्र आएर जानकारी लिएर गएका छन् ।

आगामी दिनमा युवा सम्बन्धी कार्यक्रमहरू, सूचनामुलक, चेतनामुलक, सीपमुलक, लगायतका सामाग्रीहरू युवाहरूको माझमा लगेर प्रचारप्रसार गर्न सकेमा ग्रामीण क्षेत्रमा अलग पहिचान बनाउन सफल हुनेछ भन्ने कुरामा आशावादी रहेका छौं । संस्थाको सफलताको लागि निरन्तर सहयोगको अपेक्षा गर्दै कार्यक्रमले गरेको सहयोग प्रति हार्दिक धन्यवाद दिदैं उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ❖❖❖

# आफ्नै पेशामा रमाएको म ......

✍ देउमाया डिस्वा मगर
कोटथर-४, ढाँडबेंसी

मेरो जन्म मिति २०३६ साल माघ १० गते बिहिवारको दिन बुबा दल बहादुर वि.क. र आमा तुलसिमायाँ वि.क.को जेठी छोरीकोरूपमा यस नवलपरासी जिल्ला कोटथर गा.वि.स. वार्ड नं. ४ ढाँडवेंसीको हरियाली तथा स्वच्छ वातावरणमा मेरो जन्म भयो । मेरो माईतीको आर्थिक अवस्था अत्यन्त कमजोर थियो । घरको कमजोर आर्थिक अवस्थाका कारण उच्च शिक्षा लिन सकिन । तैपनि बुबाआमाले दुःख गरी पढ्नको लागि स्कुल पठाउनु हुन्थ्यो । मलाई पढ्नमा अत्यन्त रूची पनि थियो । किनकी म जहिले पनि स्कुलमा प्रथम हुने गर्दथें । यसरी म सात कक्षासम्म पढ्दै थिएं । पढ्दापढ्दै भगवानको खटनमा कर्मको फल मेरो श्रीमान राम बहादुर डिस्वा मगरसँग अन्तरजातिय वैवाहिक बन्धनमा बाँधिन पुगें । अन्तरजातिय विवाह गरेका कारण मैले जीवनमा धेरै दुःखकष्ट भोग्नु पर्‍यो । मेरो विवाह भयो तर समाजमा रहेको जातीय छुवाछुतका कारण घरभित्र भित्रिन भने पाईन । अर्कोतिर मेरो श्रीमानले पनि अन्तरजातिय विवाह गरेका कारण उहाँ पनि घरबाट बाहिरिन बाध्य हुनु पर्‍यो । त्यस्तो अवस्थामा गाउँबाट ५,७ महिना बाहिर निस्किएर आफ्नो दिनचर्या बिताएँ । त्यसपछि गाउँका बुद्धिजिविवर्गहरूबाट सल्लाह लिई सानो कटेरो बनाएर बसें । घरबाट अलग भएर बसेपनि समाजमा रहेको छुवाछुतका कारण वातावरण भने सामान्य रहेको थिएन । एकले अर्कोलाई कुरा काटेर देख्ता मलाई साह्रै नैराश्यता लाग्न थाल्यो । गाउँको यस्तो व्यवहारले मलाई त्यसै बस्न मन लागेन । त्यसपछि गाउँमा वसेर मैले केही व्यवसाय गर्नुपर्छ भन्ने सोंच लिएँ । सहमति ग्रामीण युवा विकास कार्यक्रमका सरहरूबाट पनि विभिन्न सहकारी सम्बन्धी तालिमहरूमा बस्ने अवसर प्राप्त पनि गरें । सबै साथीहरूको बुझाईबाट उद्यमीकोरूपमा सिलाईकटाई तालिम सिक्ने सोंच गरे । अनि मैले सिलाईकटाई सम्बन्धी सीपमुलक तालिम सिकें । उक्त तालिम लिईसकेपछि व्यवसाय सञ्चालनका लागि आफूसँग भएको र सहकारी संस्थाबाट ऋण लिएर पसललाई अगाडि बढाउदै गएँ । उक्त व्यवसायले मेरो घर खर्च चलाउन धेरै नै मद्यत पुगेको छ । गाउँका मानिसहरूलाई पनि धेरैथोरैरूपमा भएपनि यस व्यवसायले सजिलो बनाएको छ । परिवारबाट पनि सहयोग मीलेको छ । त्यस्तै पसलबाट भएको आम्दानीबाट सहकारी संस्थामा पनि केही बचत गरेकी छु । सहकारी संस्थाबाट शेयर सदस्य भएर विभिन्न स्थानमा भ्रमण गर्ने मौका पनि पाएँ । अहिले मैले मासिक रू.८००० सम्म आम्दानी गर्ने गरेकी छु । अहिले म सिलाईकटाई प्रशिक्षक भएर गाउँका युवाहरूलाई तालिम पनि दिदैं आएको छु । सहमतिले उद्यमी युवा बनाउनका लागि सिलाईकटाई तालिम सिक्न म कहाँ आउछन् । मैले राम्रोसँग बुझाएर सिकाई दिने गरेको छु त्यतिमात्र होईन संस्थाले दिएको अवसरलाई उपयोग गरी स्वावलम्वि बन्न सम्पूर्ण युवाहरूलाई अनुरोध गर्न पनि चाहन्छु । अर्कोतिर आफ्नो व्यवसाय सञ्चालन गर्दा खेरी अरूको भनाईहरू पनि सुन्न परेन ।

*(बाँकी ७ पेजमा)*

# सहकारी : स्थानीय बैंक

✍ समीक्षा रानाभाट
व्यवस्थापक, सुनौलो बचत तथा ऋण सहकारी संस्था लि.
बुलिङ्टार ५, बाँझगरा, नवलपरासी

झट्ट हेर्दा निलो देखिने निश्चल र कञ्चनरूपमा बगेको कालिगण्डकी नदीलाई उत्तरको सिमाना बनाएर अवस्थित यस बुलिङ्टार गा.वि.स.दलदलेबाट करिब ४० कि.मि. दुरीमा पर्दछ । भौगोलिक, आर्थिक, सामाजिक र राजनैतिक अवस्थाबाट बुलिङ्टार गा.वि.स. निकै कमजोर देखिन्छ । प्राकृतिक र साँस्कृतिक दुवै किसिमबाट बुलिङ्टार निकै अगाडि रहेको छ । तराईको जिल्ला भएपनि सहजता भने बुलिङ्टारमा छैन । शहरीकरणको थोरै प्रभाव परे तापनि पुरै शहर भने अझै बन्न सकिरहेको छैन । विकाबसकोक्रमले फट्को मार्दै गईरहेको छ । बुलिङ्टार गा.वि.स.मा विभिन्न संघसंस्थाहरूको स्थापना भएको छ । विभिन्न संघसंस्थाहरूको स्थापना हुने क्रममा बुलिङ्टार गा.वि.स.को नमूनाको रूपमा वि.सं.२०६७ सालमा सुनौलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना भएको हो । स्थापनाकालमा जम्मा २८ जना समान बिचार र समान उद्देस्य भएका व्यक्तित्वहरूबाट शुरू भएको यस सहकारी संस्थामा हाल ५२८ जान शेयरसदस्यहरू रहेका छन् । सहकारीको स्थापनासँगै विकासको अनुभूति बुलिङ्टार गा.वि.स.वासीहरूलाई भएको थियो । सुनौलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडले बुलिङ्टार र डाँडाझेरी गा.वि.स.लाई कार्यक्षेत्र बनाई निरन्तररूपमा अगाडि बढिरहेको छ । हाल यस सहकारीमा जम्मा पूँजी ३७ लाख पुगेको छ । सहकारीको अर्थ र महत्त्व र आवश्यकता नबुझ्ने व्यक्ति बुलिङ्टार गा.वि.स.मा शायदै कमै होलान् । सुनौलो सकोसमा सात प्रकारका बचतहरूको व्यवस्था गरिएको छ । यसमा बचत संकलन गर्ने, ऋण लिने र शेयर सदस्यता लिन आउनेहरूको क्रम पनि बढ्दै गएको छ । "सम्पन्न भविष्यको बलियो आधार नै बचत हो " भन्नेकुराको ज्ञान बुलिङ्टार गा.वि.स.वासीहरूले बुझेको कुरा शेयर सदस्यहरूको सहकारी प्रतिको चासो, उत्साह र व्यवहारले प्रष्ट पार्दछ । सस्तो ब्याजदरमा ऋण प्रदान गरिने हुनाले सहकारीबाट ऋण लिई व्यवसाय गर्ने मानिसहरू पनि धेरै छन् । यसरी सहकारीबाट ऋण लिई व्यापार, व्यवसाय गर्न सहज भएको र आर्थिक स्थिति समेत मजबुत भएको व्यवसाय सञ्चालन गरेका व्यक्तिहरूले बताउछन् । मानिसहरू विभिन्न प्रकारको बचत गर्नुका साथै सस्तो ब्याजदरमा ऋण पाईने हुनाले सहकारी स्थानीय बैंक जस्तो भएको शेयर सदस्यहरूको भनाइ रहेको छ । स्थापनाकालमा सहकारीको अर्थ र महत्व बुझाउन धेरै कठिन महशुस भएको थियो तर वर्तमान समयमा सहमति ग्रामीण युवा विकास कार्यक्रमको सहयोगबाट विभिन्न सहकारी समबन्धी ऋण व्यवस्थापन तालिम, सहकारी शिक्षा शिविर, सहकारी व्यवस्थापन तालिम, सहकारी चाहिने खाताहरू तथा विभिन्न स्टेशनरी सामग्रीहरू, लेखा व्यवस्थापन तालिम तथा लेखा राख्न सहज होस् भन्ने अभिप्रायले कम्प्युटर सहयोग जस्ता गतिविधिले सहकारीको विकास र विस्तार हुँदै अगाडि बढिरहेको छ । त्यस्तै गरेर सहकारीलाई दीगोरूपले अगाडि बढाउन सञ्चालक समितिहरू पनि विभिन्न नीति नियम र विनियममा रहेर काम गर्दै अगाडि बढिरहेको छ । अन्तमा सहकारी सम्बन्धी आफ्ना भनाइ राख्न दिनुभएकोमा सहमति, ग्रामीण युवा विकास कार्यक्रम प्रति आभार प्रकट गर्दै कार्यक्रमको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । ❖❖❖

# परिश्रमको फल मिठो हुन्छ

✍ दुमीसरा थापा
अर्खला, नवलपरासी

ग्रामीण भेगका नारीहरू अझै पनि आफ्नो अधिकार प्राप्तीको लागि खुले आम लड्न सकिरहेको अवस्था छैन । तर सबै नारीहरू अधिकार विहिन भएर बाँचिरहेको अवस्था पनि हैन । अझै गाउँमा कतिपय परिवारका पुरूषहरूले स्त्री माथि दमन गरेका कारण परिवारको अवस्था खस्कीदै गएको देख्न सकिन्छ । यसको कारण के हो भने अझ पनि ति मानिसहरूको मानसपटलमा महिला भनेको चुल्हो चौकोमा काम गर्ने हो, यिनिहरू घरमै सीमित हुनुपर्दछ भन्ने परम्परागत सोंचले गर्दा महिला दिदीबहिनीहरू पछाडी परेका हुन् । समाजमा रहेको यस प्रकारको संस्कारले गर्दा ग्रामीण क्षेत्रका महिलाहरूलाई पुरूषको मन जितेर आफ्नो खुट्टामा उभिने चाहना गर्नु एउटा प्रमुख चुनौतीकोरूपमा लिन सकिन्छ । ति चुनौतीहरूलाई समाधान गर्दै आत्मनिर्भर बनेकी अर्खला गा.वि.स. वडा नं. ९ कमलीकोट स्थित खीममाया रानाको कथा व्यथा पनि यस्तै रहेको छ ।

सानै उमेर देखी शिक्षाको अवसर नपाए पनि जीवनमा आफ्नै खुट्टामा उभिएर आत्मनिर्भर बन्ने ठूलो सोख थियो उनको । तर जीवनको आधा समय बित्न लागिसक्दा पनि उनको चाहना, ईच्छाहरू पुरा हुन सकिरहेको थिएनन । भनिन्छ, ईच्छा लागेर मात्र कहाँ हुन्छ त्यसका लागि राम्रो अवसर र मेहनत गर्नु पनि जरूरी छ । अर्कोतिर उनीसँग केही काम गर्नका लागि न त पैसा नै थियो न त कुनै व्यवसाय गरेर स्वावलम्वी बन्न सकिन्छ भन्ने ज्ञान नै । यसैक्रममा अर्खला गा.वि.स.मा सहमतिले संस्थाले यस क्षेत्रको विकासका लागि सन् २०१४ मा ग्रामीण युवा विकास कार्यक्रम सञ्चालन गर्न थाल्यो । उनले पनि संस्थाले गरेका कार्यक्रमहरूको बारेमा बुझ्ने मौका पाईन । उनी आफैले केही व्यवसाय गर्ने सोच राखेकोमा कार्यक्रमले पनि स्वरोजगार बन्ने माध्यमको रूपमा सीपमूलक तालिम दिने कुरा थाहा भयो । उनलाई सुनमा सुगन्ध भने झैं उनले पारिवारसँग सरसल्लाह गरेर व्यवसाय गर्ने दृढताका साथ सिलाईकटाई तालिम सिक्नका लागि कार्यक्रमसंग सम्पर्क गरिन् । उनको ईच्छा चाहनाको अवस्थालाई ध्यान दिएर कार्यक्रमले पनि सीपमुलक तालिम सिक्ने अवसर प्रदान गर्‍यो ।

उनले बुलिङ्टारमा रहेको जुनतारा टेलर्सबाट छ महिने तालिम पुरा गरिन् र कार्यक्रमबाटै सिलाईकटाई मेशिन सहयोग पनि प्राप्त गरिन् । त्यस भेगबाट कपडा सिलाउनकै लागि डेढ घन्टा देखि दुई घन्टा सम्म हिडेर जानु पर्ने हुन्थ्यो । जसले गर्दा समय खर्च भइरहेको थियो । तर अहिले गाउँमा कपडा सिलाउन पाई समय बचत भएको छ । स्थानीयवासीहरू पनि कपडा सिलाउन नजिक भएकोमा खुसी व्यक्त गर्दछन् । कपडा सिलाउन निश्चीत जात नै हुनु पर्दछ भन्ने मान्यता बोकेकाको आँखा खोलीदिएकी छन् खिममाया रानाले । कमलिकोट, कोखे, सिञ्चाङ्ग, तल्लो अर्खलाबाट कपडा सिलाउन आउने ग्राहकको भिड लाग्ने गरेको छ । अहिले खीममायाको टेलर्समा खीममाया भन्छीन् मेरो ईच्छा यति कै मर्ने भयो भन्ने सोँचेको थिए । तर ग्रामीण युवा विकास कार्यक्रमले मेरो ईच्छा पूरा गरिदिएको छ । हालसम्म उनले कुर्ता, सुरूवाल, सर्ट, फ्रक, मेक्सी, भोटो, जस्ता कपडाहरू सिलाएर गाउँलेहरूलाई सेवा दिईरहेकी छन् । उनले मासिकरूपमा रू.५००० देखि रू.८००० सम्म आम्दानी गर्ने गरेकी छन् । उनले फेरी भन्छीन् की बच्चालाई कापी कलम किन्न, विद्यालयको फिस तिर्न पनि समस्या हुने गर्दथ्यो तर अहिले त्यो समस्या टार्नको लागि कुनै गाह्रो छैन । मैले सजिलैसंग घर गुजारा चलाउन सफल भएको छु । त्यस्तै गरी कमाई भएको आम्दानीबाट जोगाएर केही रकम सशक्त नारी बचत तथा ऋण सहकारी संस्थामा जम्मा गर्ने गरेकी पनि छु । किनकी मलाई थाहा छ की भोलीको दिनमा अप्ठ्यारो पर्दा आफुले बचत गरेको पैसा काम लाग्ने गर्दछ । मैले नियमित बचत रू.१००० गर्ने गरेकी छु । मेरो कामबाट मेरो परिवार तथा ईष्टमित्रहरू खुसी हुनुहुन्छ । अहिले उनी ग्रामीण युवा विकास कार्यक्रम प्रति खुलेर कुरा गर्नुहुन्छ । यदि ग्रामीण युवा विकास कार्यक्रमले मेरो प्रगतिमा सहयोग नगरेको भए म अहिले यसरी कहाँ काम गर्न सक्ने थिएँ र । वास्तवमा ग्रामीण युवा विकास कार्यक्रम मेरो अभिभावक बनेको छ । म जस्ता आर्थिक अभाव भएका महिलाका लागि सहयोग पुर्‍याएको गुन प्रति धेरै आभार प्रकट गर्न चाहन्छु । मलाई आशा छ की मेरो लागि अझ एडभान्सस्तरको तालिम आवश्यकता देखेको छु यसमा पनि संस्थाले सहयोग गर्नेमा अपेक्षा राखेको छु । आम्दानी गर्नका लागि घरमा गह्रौं काम गरेर दैनिक जीवनयापन गर्नुपर्ने अवस्थामा ग्रामीण युवा विकास कार्यक्रमले सीपमूलक तालिमको लागि उपाय दिएर सुखको कामबाट जीवनयापन गर्न दिएको सुझावका लागि ग्रामीण युवा विकास कार्यक्रम धेरै नै ऋणी भएको छ ।

अन्तमा मेरो जीवनलाई अगाडि बढाउन गरेको सहयोग प्रति आभार प्रकट गर्दै आगामी दिनमा पनि मलाई जस्तै गाउँमा रहेका अन्य युवाहरूलाई उद्यमी बन्न हौसला प्रदान गर्नुहुनेछ र ग्रामीण युवा विकास कार्यक्रम अझै ग्रामीण क्षेत्रका युवाहरू माझ लोकप्रिय बन्न सफल रहोस यहीं नै मेरो शुभकामना छ । ❖❖❖

## आफ्नै पेशामा ........

आफ्नो व्यवसायमा स्वतन्त्ररूपले काम गर्न पाईयो । त्यसैले मैले सम्पूर्ण युवाहरूलाई के भन्न चाहन्छु भने सकेसम्म विदेश नगए नै हुन्छ, जाने नै हो भने युवा आप्रवासन सूचना केन्द्रमा गएर वैदेशिक रोजगार सम्बन्धी जानकारीहरू लिएर तथा बुझेर मात्रै जाने प्रयास गर्नुहोला भन्न चाहन्छु । नत्रभने जीवनमा धेरै दुःख पीडाहरू आईपर्न सकछ ।

अन्तमा मैले जीवनमा भोगेका तिता क्षणहरूलाई शव्द मार्फत प्रस्तुत गर्न दिनुभएकोमा सहमति ,ग्रामीण युवा विकास कार्यक्रम प्रति आभार प्रकट गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

❖❖❖

# परिश्रम गरे मात्र जीवन सार्थकतातर्फ

✍ श्री चिरन अस्लामी मगर
कोटथर-५, थामबेंसी

नवलपरासी जिल्लाको कोटथर गा.वि.स. वार्ड नं. ५ थामवेंशी स्थित बुबा गोपाल अस्लामी र आमा टिकीमायाँ अस्लामीको गर्भबाट साईलो सन्तानको रूपमा वि.सं. २०४०।११।२५गते आईतबारको दिन जन्मिएको हुँ । मेरो घरायसी आर्थिक स्थिति अत्यन्तै कमजोर भएको कारणले वीत्रः पास पनि गर्न सकिन । अर्कोतिर सहमति संस्थाले ट्युसन कक्षा सञ्चालन गरेर अवसर प्रदान गर्दा पनि मेरो घरायसी समस्याले गर्दा कापी कलम जुटाउन नसक्दा शैक्षिकस्तर बढाउन नसके पछि गाउँमा के गर्ने भनेर सोच गर्दागर्दै देशमा आईरहेको वैदेशिक रोजगारको लहरले गर्दा म विदेश जान बाध्य भएँ । घरमा बुबा आमा र मेरी श्रीमती र छोरालाई छोडेर वैदेशिक रोजगारको सिलसिलामा अत्यन्तै गर्मी र खाडीमुलुक कतारको मरुभूमीमा विदेशिन पुगें । लेवर भिसामा विदेश पुगेको मान्छे म मा कुनै सीप र भाषा नै थियो । त्यहाँ पुगेपछि लेवरमा नै काम गरें । मासिक ज्यालादर पनि रू.६०० भनेर गएकोमा रू.६०० नै पाएको थिएँ तर काममा भने फरक थियो । साहुले जता काम गर्न जा त्यतै काम गर्न जानु पर्दथ्यो । कम्पनी काम सकेर पनि आफ्नो कोठामा जान पाईदैनथ्यो, अर्कै कम्पनीमा गएर काम गर्नु पर्थ्यो । तर त्यो कम्पनीमा काम गरेको पैसा भने पाईदैनथ्यो । यसरी अर्काको मुलुकमा पैसा विना काम गर्दा आफ्नो जीवन व्यर्थै वितेको जस्तो लाग्दथ्यो । न गर्मी भन्न पाउने न थकाई लाग्यो भन्न पाउने झण्डै ५५ देखी ६० डिग्रीको तापक्रममा बाहिरी रोडमा रोड सफा गर्नुपर्ने यस्तो अवस्थामा म लगभग २९ महिना बिताएर स्वदेश फर्के । स्वदेश फर्कदा करीब पाँच लाख रूपैंया जति साथमा थियो । त्यही पैसाले नेपालमा नै केही गरौं भन्ने आँट लिएर गाउँको आवश्यकता पहिचान गरेर स्थानीय गाउँलेको सल्लाह र सुझाव सहित कुटानी पिसानी मील राख्ने निधों गरें । सो मील सञ्चालन गर्दा लगभग चार लाखको हाराहारीमा खर्च भयो । त्यही मील व्यवसायले आज मेरो घर परिवारको खर्च चलाउदैं आएको छु । त्यस्तै गाउँ समाजलाई पनि सेवा सुविधा दिदैं आएको छु । यस गाउँमा अन्न कुटानीका लागि मानिसहरू गैंडाकोट जानु पर्दथ्यो । तर अहिले सबैलाई सजिलो भएको छ ।

म विदेश जाँदा विदेश सम्बन्धी जानकारी दिने संघसंस्था भएको थाहा थिएन तर अहिले सहमति, ग्रामीण युवा विकास कार्यक्रमले मेरो घरको अगाडि यस युवा आप्रवासन सूचना केन्द्रको स्थापना गरेर केन्द्रले विदेश सम्बन्धी जानकारी दिएको देख्दा खुसी लागेर आउँछ । हुनत त्यतिबेला भन्दा अहिले बढी युवाहरू विदेश गएका छन्, गाउँमा नै विदेश सम्बन्धी जानकारी प्राप्त गर्न सफल भएका छन् । मलाई लाग्छ अहिले अँध्यारोमा ढुङ्गा हानेर विदेश पक्कै पनि गएका छैनन् । केही न केही त बुझेरै विदेश गएका छन् । हामीहरू विदेश जाँदा दलालले जे भन्यो त्यही विश्वास गर्नु पर्दथ्यो अहिले त त्यो समस्या छैन । अहिले युवा आप्रवासन सूचना केन्द्रबाट वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने कुराहरू, नेपाल सरकारले विदेश जानको लागि खुल्ला गरेका देशहरूबारे जानकारी, कालोसुचीमा परेका विभिन्न म्यानपावरहरू, विदेशमा रहेका नेपाली राजदुतावासका विभिन्न नम्बरहरू, करारनामा पत्र, श्रम स्वीकृति पत्र, विभिन्न मुलुकमा जाँदा लाग्ने रकमहरू आदि बारे जानकारीहरू प्राप्त गरेका छन् । त्यस्तै विदेश जानको लागि सोंच गरिरहेका युवाहरू पनि युवा आप्रवासन सूचना केन्द्रमा आएर कुन कुन प्रक्रिया अपनाईयो भने सुरक्षित साथ विदेश यात्रा हुन सक्छ भन्नेबारे जानकारी लिएर जाने क्रम पनि बढ्दै गईरहेको छ । त्यस्तै युवा आप्रवासन सूचना केन्द्रमा रहेका कृषि सम्बन्धी पुस्तकहरू, जैविक खेती प्रविधिबाट कृषि उत्पादन, रसायनिक विसादीको प्रयोगले वातावरणमा पार्ने प्रभावहरू, उन्नत नश्लका बङ्गुर तथा बाख्रापालन व्यवसाय जस्ता पुस्तकहरू अध्ययनमा युवाहरूको चासो पनि बढ्दै गईरहेको छ । अहिले युवा आप्रवासन सूचना केन्द्र युवाहरूको गन्तब्यस्थलकोरूपमा विकास हुदै गएको छ ।

अन्तमा आफ्नो सुनौलो जीवनलाई विदेशको मरुभूमीमा गल्लीको कुकुरको व्यवहार गर्ने ति अधर्मी पापीहरूका दाशी नबन्न अनुरोध गर्दै स्वदेशमा नै चार हात नङ्ग्रा खियाएर मेहनत तथा परिश्रम गरेर सुन्दर जीवनलाई अघि बढाउनु होस् भन्न चाहन्छु । यिनै दुई चार शब्दका अनुभूतिहरू राख्न दिनु भएकोमा सहमति ग्रामीण युवा विकास प्रति आभार प्रकट गर्न चाहन्छु । संस्थाको सफलताको लागि शुभकामना ! ❖❖❖

# आफ्नै देशको माटोमा पसिना बगाए...

✍ जानकी पुँलामी
कोषाध्यक्ष, सिर्जनशिल सामुदायिक विकास मञ्च
रतनपुर ३,भतेरी

प्रगतिको पथमा लम्कियोस सधैं सधैं भरी
हरेक पाईला पाईलामा साथ दियोस यसै गरी ।।
सिर्जनशिलको बाधा अडचनमा साथ सधैं दिनु छ
काँधमा काँध मीलाएर सँगसँगै जानु छ ।।
सहमतिले साथ दिई यहाँसम्म आयौं
हातमा हात मीलाएर हामी अगाडि बढ्यौं ।।
गाउँघरको समस्यामा मिलिजुली जुटेर
गाउँको विकास गर्नु छ एकै साथ उठेर ।।
विदेसिन्छ युवाहरू केही कुरा नबुझी
गा.वि.स.मा सूचना केन्द्र छ जानुस् है खोजी खोजी ।।
विदेश जानु पर्ने छ भाषा तालिम लिएर
फेरी फर्कनु पर्ने छैन दु:खको आँशु लिएर ।।
त्यसैले युवा शक्ति जानैपरे सिकेर जानु छ
आफ्नै देशको माटोमा पसिना बगाएर खानु छ ।।
कति गर्ने नेपाली युवा विदेशीको गुलामी
किन जान्छन् सबै विदेश घर जग्गा बनाई लिलामी ।। ❖❖❖

# गाउँमा लोकप्रियता बढ्दै

✍ मनोज श्रेष्ठ
कोटथर–५, नवलपरासी



म मनोज श्रेष्ठ नवलपरासी जिल्लाको पहाडीभेग कोटथर गा.वि.स.वार्ड नं.५ थामबेंशीमा स्थायी घर हो । पिता जुन नारायण श्रेष्ठ र माता पार्वती श्रेष्ठको कोखबाट जन्मेर बालक हुँदै युवा अवस्थामा हुर्केको छु । यस क्षेत्रमा अधिकांश मगर जातीको बसोबास भएकाले गर्दा आफ्नै संस्कार भित्र रुमलिएर बसिरहेको अवस्था छ । वास्तवमा यस क्षेत्रलाई अहिलेको अवस्था ल्याउन सहमति संस्थाको उल्लेख्य योगदान रहेको छ । कोटथर गा.वि.स.को सन्दर्भमा कुरा गर्ने हो भने सामाजिक विकासका लागि सहमति संस्थाले छोटो अवधिमा नै गाउँमा लोकप्रियता कमाउदै गएको छ । यस संस्थाले रतनपुर गा.वि.स.मा भएका प्रत्येक समस्यालाई केलाएर त्यसको समाधानका लागि सहकारी, स्थानीय गैसस, युवा आप्रवासन सूचना केन्द्र, स–साना समूहहरू मार्फत विभिन्न कार्यहरू गर्दै आएको छ । त्यति मात्र नभई स्थानीय युवाहरूलाई विभिन्न सीपमूलक व्यवसायहरू, कृषि, पशुपालन तथा स्थानीय स्रोत साधनको सदुपयोगमा संलग्न गराएर आयआर्जन बढाउने प्रकृतिका व्यवसायहरूमा पनि महत्वपूर्ण भूमिका खेलेको छ । अहिले यहाँका मानिसहरू धेरै नै चलाख भएको अवस्था रहेको छ ।

कार्यक्रमले कोटथर, डाँडाझेरी, बुलिंटार, अर्खला, रतनपुर र गैंडाकोट नगरपालिकाको वार्ड नं. ३ गरी ६ वटा क्षेत्रमा काम गर्दै आईरहेको छ । मलाई लाग्छ अन्य क्षेत्रहरूभन्दा कोटथर गा.वि.स. भौतिक पुर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी लगायतमा बढी समस्यामा रहेको छ । कार्यक्रमले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै जाँदा धेरै युवाले रोजगार पाएका छन् । केही न केही भएपनि समुदायमा जनचेतनाको विकास हुँदै गएको छ । त्यस्तै सहमति, ग्रामीण युवा विकास कार्यक्रम तथा देवचुली बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित युवा आप्रवासन सूचना केन्द्रले यहाँका युवाहरूलाई वैदेशिक रोजगारमा जानुपूर्व तथा गन्तव्य मुलुकमा पुगेपछि गर्नुपर्ने प्रक्रियाका बारेमा, सुरक्षित आप्रवासन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमहरू, अभिमुखीकरण गोष्ठीहरू सञ्चालनबाट पासपोर्ट, नागरिकताको प्रमाणपत्र, जीवन विमा, भिजा प्रक्रिया, स्वास्थ्य परीक्षण, भरपर्दो रिक्रुटिङ्ग कम्पनी र एजेन्सी छनौट, गन्तव्य मुलुकको प्रस्ट जानकारी, श्रम स्वीकृति, विदेश स्थित राजदूतावासका नम्बरहरू लगायत सूचना सम्प्रेषणले सुरक्षित रुपमा वैदेशिक रोजगारमा जान धेरै सहयोग पुर्‍याएको देखिन्छ । सहमति संस्थाले मात्र नभई यस गा.वि.स.मा रहेका सम्पूर्ण युवाहरूले आफ्नो गाउँको विकास र विस्तारका लागि हरदम सक्रिय भएर लाग्ने हो भने छिट्टै नै गाउँको मुहार फेरिनेमा कसैको दुईमत नहोला ।

❖❖❖

# सुरक्षित आप्रवासन सम्बन्धी परामर्श लिनेको संख्या बढ्दै

✍ रेशम भुजेल
गैंडाकोट–३, ढोडेनी, नवलपरासी

नवलपरासी जिल्लाको गैंडाकोट नगरपालिका वार्ड नं. ३ भित्र पर्ने एउटा सानो पिछडीएको भुजेल गाउँमा बसोबास गर्ने एक युवा हुँ म रमेश भुजेल । मैले यस क्षेत्रमा रहेका युवाहरूको जनजीवनसँग जोडिएको सुखदुःखको भोगाईलाई समेटेर युवा आवाज पत्रिका मार्फत प्रस्तुत गर्ने कोशिस गरेको छु ।

नगरपालिका भित्र रहेर पनि अति पछाडी परेका यस क्षेत्रका युवाहरूलाई स्वदेशमा तथा विदेशमा कसरी आयआर्जनका विकल्पहरू खोज्ने र त्यसलाई कसरी सुरक्षित बनाउने भन्नेकुरा युवा आप्रवासन सूचना केन्द्रले विभिन्न जानकारीहरू प्रदान गर्दै आईरहेको छ । युवा आप्रवासन सूचना केन्द्रले यस क्षेत्रका युवाहरूलाई वैदेशिक रोजगारमा जाँदा अपनाउनु पर्ने सावधानीहरू, आउन सक्ने जोखीमहरूबाट कसरी बच्न सकिन्छ भन्नेकुराहरूबारे युवा वर्गका साथै अभिभावक वर्गहरूलाई पनि सु सुचित गराउने काम पनि गर्दै आईरहेको छ । युवा आप्रवासन सूचना केन्द्रले सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन तथा वैदेशिक रोजगारमा गएका परिवारसँग सम्पर्क गरी विप्रेषण र त्यसको प्रयोग कसरी गर्नु पर्दछ भन्नेबारे परामर्श पनि दिइरहेको छ ।

हालसम्म यस युवा आप्रवासन सूचना केन्द्र ढोडेनीमा आएर परामर्श लिनेको संख्या ६१५ जना रहेको छ भने साप्ताहिक परामर्शको माध्यमबाट सूचना लिनेको संख्या ३३३ जना रहेको छ । विगत वर्षदेखी यस केन्द्रले यस क्षेत्रबाट वैदेशिक रोजगारमा जाने युवाहरूको कागजपत्र संकलनको कामलाई पनि निरन्तरता दिएको छ । जसबाट १८ जना वैदेशिक रोजगारमा गएका र जाने युवाहरूको कागजपत्र संकलन भएको छ । यस प्रकारको कार्यले युवाहरू वैदेशिक रोजगारका क्रममा कुनै समस्या वा ठगीमा परेमा सोही प्रमाणको आधारमा सम्वन्धित निकायसँग सम्पर्क गरी अगाडि बढाउन सकिने कुरामा सहयोग पुग्ने देखिएको छ । वास्तवमा यस कार्यक्रमले हाल बढिरहेको वैदेशिक रोजगारमा जाने युवाहरूलाई सुसुचित गराउने र आवश्यक परेको बेला सहयोग गरी उनीहरूलाई आईपर्ने जोखिमबाट बचाउन महत्त्वपूर्ण भूमिका खेलेको छ ।

त्यस्तै कार्यक्रमबाट सहयोग गरिएको सीपमूलक तालिम अन्तरगत सिलाईकटाई तालिम सिकेर पनि तीन जना युवा उद्यमीहरूले व्यवसाय सञ्चालन गरेर आत्मनिर्भर बन्न पनि सफल भएका छन् । यस बारेमा थप जानकारीको लागि युवा आप्रवासन सूचना केन्द्रमा गएर सल्लाह सुझाव लिनु सक्नु हुनेछ ।

❖❖❖

# गालामा राता पीरा जोश रहुन्जेलसम्म................

✍ भोज प्रसाद खण्डलुक
गैंडाकोट ३, ढोडेनी

मेरा जस्तै यि सपनाहरू उनको पनि होला
सोध्नु छ मेरा जस्तै रहरहरू जुनको पनि होला ।।
खाडीतिर गह्रौं उद्देश्यका भारी बोकेर
जहाज चढेर आकाशतिर माथि माथि उडेकाहरू
सात समुन्द्रपारीका बिरानो बस्ती पुग्न
आँट गरेकाहरू साहस गरेकाहरू
ति सबै मेरै दाजुभाई हुन्
म जस्तै कलकलाउँदा जवानहरू हुन् ।
मेरा जस्तै दिदीबहिनीहरू हुन्
मेरा जस्तै बुबाआमाहरू हुन्
आफ्नै काका मामाहरू हुन्
प्रदेश बसाई सरेकाहरू हाम्रै माटोमा हुर्केका र बढेका हुन् ।

प्रत्येक रातमा अनिदों बसेका माईलाहरू
गाउँतिर जुवातासमा भुलेका धनेमनेहरू
चर्कोघाम र तापक्रममा पैसा कमाउन
रगत र पसिना साटिरहेका छन् ।

गालामा रातापिरा जोस रहुन्जेलसम्म
हरेक अस्थिपञ्जरमा मासी नगलुन्जेलसम्म
हरेक गोंधुली साँझसँगै अनि उठेका
हरेक झिसमिसे बिहानसँगै
म यही कल्पना गरिरहन्छु
प्रिय विदेशिएका साथिहरू जस्तैगरी
स्वर्गजस्तो घर
आमाको जस्तो न्यानो काख
बुबाका हरेक प्रेरणाहरू
सुन्दर सुन्दर गाउँपाखा पखेरीहरू
प्रेम प्रमिकाको प्रितका कुराहरू
ति चखेवाका जोडीहरू छुटेर
विछोडका घाउहरू मुटुको कुनामा लुकाँउदै
मीलनका अधुरो आशा लिएर
ठूल्ठूला सपनाहरू सजाउन
हुर्रिए छन् विदेश तिर

उनै राम बहादुर दाई
मेरा कान्छा भाई
उही बुद्धिमान फुलमायाँहरू
मेरै दौंतरी मित्रहरू
हिजो मात्रै पासपोर्ट बनाउन लागिराछु भन्थे
कति छिट्टै पुगेछन् पराईतिर
आजै राती पो फुलमायाँले
फेसबुकमा कुरा गरौं भन्दै
नयाँ नयाँ खबर सन्चो बिसन्चो

सोधिन्
म दंग परें
यता राम दाई भने
दलालले पैसा खायो भनेर
वर्वाद भयो भन्दै गुनासो गर्दै थिए

गाउँमा बल्लतल्ल बेसाएर खानेहरू
आँटो मिठो आडिलो भन्दै आपशमा
ढिंडो गुन्द्रुक ऐँचोपैंचो चलाउनेहरू
साहुमहाजनका ऋण तिर्न
जमिनदार, जागिरे र उद्योगपतिका झैं
सम्पन्न कहलिने र
आलिशान घरहरू बनाउने
जग्गा, जमिन, जोड्न
परिवारमा लालाबालाहरूको
सुखी शान्ति र खुसी चेहरा देख्ने
कैयौं रहरहरू रहरमै सीमित हुन्छन्
कत्तिका आंशिकरूपमा पुरा पनि भईदिन्छ
र पनि तछाँडमछाँड गर्छन्
कोही बाध्यतामा रूमलिन्छन्
वैदेशिक रोजगारको कठघराभित्र
के ? यही हो विदेशिनुको अर्थ
के ? यही हो युवाहरूको भविष्य

❖❖❖

# बचत छुट्ट्याएर मात्र खर्च गर्ने बानीको विकास गरौं

✍ छविराज सुनारी
रतनपुर-५, बसेनी, नवलपरासी

मेरो नाम छविराज सुनारी हो । मेरो घर रतनपुर गा.वि.स.वार्ड नं. ५ बसेनीमा पर्दछ । म एक सामान्य परिवारमा हुर्केको हुँ । गतवर्ष देखी मैले यसै गा.वि.स.को विरेन्द्र निम्न मा.वि.मा सह शिक्षक भई सेवा गर्दै आएको छु । अहिले युवा आप्रवासन सूचना केन्द्र दमारमा कोषाध्यक्षको रूपमा कार्यरत छु । यस सहमतिले प्रकाशन गर्ने युवा आवाज पत्रिका मार्फत युवा शक्ति भनेको के हो ? ग्रामीण क्षेत्रमा रहेका युवा शक्तिहरूको भविष्यको माध्यम के छ ? भन्ने बारेमा केही सन्देशहरू युवाहरू सम्पूर्णमा सम्प्रेषण गर्न प्रयत्न गर्दैछु ।

वास्तवमा युवा भनेको १६ वर्ष देखी ४० वर्ष बीचको उमेर समूहलाई युवा भनिन्छ । यी युवाहरू भित्र भएको जाँस जाँगर प्रयत्न र खुवीलाई नै युवा शक्ति मानिन्छ । युवा देश विकास गर्ने एउटा मेरुदण्ड हो । जसमा प्रचुरमात्रामा शक्ति हुन्छ । नेपाल गरिब राष्ट्र भएकोले गर्दा यहाँको युवाहरू विदेशमा गएर पसिना र परिश्रम वा शक्ति बेच्न बाध्य छन् । नेपाल सरकारले नेपालमा रहेका नेपाली युवाशक्तिलाई नेपालमै परिचालन गर्न सकिरहेको छैन । तसर्थ नेपाली युवाहरू विदेशिनु बाध्य भएका छन् । अहिले नेपालमा नेपाली युवाहरू गाउँमा रोजगार नहुँदा दैनिक १५०० सय युवाहरू विदेश तिर गएका छन् । अर्कोतिर दैनिक ३ देखी ४ वटा लास नेपाल भित्रिने गरेकाले नेपालीलाई विदेशमा सुरक्षाको अवस्था कम मात्रामा रहेको छ भन्नेकुरा बुझ्न सकिन्छ । त्यस्तै नेपाली युवाहरू आप्रवासनमा जाँदा के कति असुरक्षित तरिकाले गएका छन् भन्नेकुराको उत्तर कुनै तथ्याङ्क भेटिदैन । अर्कोतिर रतनपुर गा.वि.स.मा पनि हेर्ने हो भने वैदेशिक रोजगारमा जाने युवाहरूको संख्या दिन प्रतिदिन बढ्दै गईरहेको छ । यि युवाहरू स्वदेशमा रोजगारको विकल्प नदेखेका कारण कारण आफ्ना परिवार तथा बालबच्चाहरू पाल्न शिक्षा दिक्षा दिनका लागि सुनौलो सपना बोकेर विदेश पलायन भईरहेका छन् ।

यसरी विदेश पलायन हुने युवाहरूलाई विभिन्न माध्यमबाट हुने ठगी, शोषण आदि क्रियाकलापहरूबाट कसरी सुरक्षित तरिका अपनाउन सकिन्छ ? विदेश जाँदा के के कुराहरू सिक्न अनिवार्य हुन्छन् । कुन कुन कागज पत्रहरू हामीले सुरक्षित तरिकाले आफुसँग वा सम्बन्धित संघसंस्थामा छोड्नु पर्दछ भन्नेकुरा बुझाउन सहमति ग्रामीण युवा विकास कार्यक्रमले महिलामिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापनमा सञ्चालित युवा आप्रवासन सूचना केन्द्रले परामर्श दिन थालेपछि यस गा.वि.स.का युवा जनशक्तिहरू जानकारी लिएर मात्र विदेश जाने र विदेश जानुभन्दा अगाडि आफुसँग भएका कागजपत्रहरू युवा आप्रवासन सूचना केन्द्रमा सुरक्षित तरिकाले छोडेर जानेक्रम पनि अगाडि बढेको छ भने गाउँका अभिभावकहरूले पनि आफ्ना छोराछोरी, श्रीमान, दाजुभाई विदेश जाँदा के कस्ता कुराहरूमा ध्यान पुर्‍याउनु पर्दछ भन्नेकुरा बुझ्न सफल भएका छन् ।



विदेश गईसकेपछि दु:ख गरेर कमाएको पैसालाई कसरी उचित र आयमूलक काममा लगाउन सकिन्छ भनेर विप्रेषण व्यवस्थापन सम्बन्धित कुराहरू बुझाउन समुदायमा वित्तीय साक्षरता कक्षा पनि ग्रामीण युवा विकास कार्यक्रमले सञ्चालन गरी आवश्यकताका कुराहरूमा मात्र खर्च गर्नुपर्ने र व्यवसायमूलक पेशामा लगानी तथा बचत छुट्ट्याएर मात्र खर्च गर्ने बानीको विकास गर्नुपर्ने कुरालाई यहाँका बासिन्दाहरूलाई चेतना प्रदान गर्दै आईरहेको छ । यसबाट मानिसहरूमा फजुल खर्च कम गरी बचत गर्ने बानीको विकास बढ्दै गएको अवस्था बढ्दै छ ।

हाल रतनपुर गा.वि.स.बाट वैदेशिक रोजगारमा जानेको संख्या २९९ जना रहेको छ । हालसम्म यस युवा आप्रवासन सूचना केन्द्रबाट परामर्श लिनेको संख्या २२४३ जना पुगेका छन् भने साप्ताहिक परामर्शबाट जानकारी लिनेको लागि संख्या २३८ जना रहेका छन् । विगत वर्ष देखी वैदेशिक रोजगारका क्रममा कुनै ठगी वा समस्यामा परेका युवाहरूलाई सम्बन्धित निकाय मार्फत उद्धार गर्न सहज होस् भन्ने उद्देस्यले वैदेशिक रोजगारमा जानेहरूको कागजपत्र संकलन कार्य पनि शुरू गरेको छ । जसबाट हालसम्म १७ जना युवाहरूको कागजपत्र संकलन भएको छ । यो कार्यको लागि आप्रवासन सूचना केन्द्रले निरन्तर प्राथमिकताका साथ अगाडि बढाईरहेको छ ।

विदेशमा पसिना, रगत, परिश्रम र शक्ति नेपाली युवा शक्तिको श्रम विदेशीभूमिमा खर्चिनुपर्दा नेपाल आमाको मन कति दु:खेको होला ? आमा कति रोएकी होलिन् ? थाहा छैन । त्यसैले म युवाहरूलाई के अनुरोध गर्छु भने यस गाउँका युवाहरू विदेशमा जानु तर सुरक्षित तरिकाले जानु हातमा सीप तालिम भाषा आदि कुराहरू सिकेर विदेश जानु र यस्ता कुराहरू जान्न, बुझ्न, सिक्न र परामर्श तथा जानकारी लिनलाई तपाईकै गाउँमा रहेको युवा आप्रवासन सूचना केन्द्रमा आऔं र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी धैरैकुराहरूको जानकारी लिएर बुझेर मात्र विदेश जाऔं भन्न चाहन्छु ।

अन्तमा आफ्ना मनमा लागेका कथाव्यथाहरूलाई शब्द मार्फत राख्न दिनु भएकोमा सहमति ग्रामीण युवा विकास कार्यक्रम प्रति आभार प्रकट गर्दै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

❖❖❖

# विदेशिएका युवाहरूको व्यथा

✍ मेनुका थापा मगर
युवा आप्रवासन सूचना केन्द्र परिचालिका, डाँडाझेरी १, भेल्लौरी

हाम्री नेपाली जानै पर्ने पराईको देश
गए पनि चिन्ता लाग्ने कस्तो हुने हो पेशा ।।
जानै पर्‍यो जे भए नी मन भरी व्यथा बोकी
त्यहाँ पुगेपछि केहो घात हुने पो हो की ।।
गर्नै पर्ने घाम पानी दु:ख केही नभनी
घरमा एक छाक टार्नको लागि विदेशिनु पर्ने ।।
हाम्रो इच्छा थियो आफ्नै देशमा बस्न
जानै पर्ने पराई देश बोरा बोकी कम्मर कस्न ।।
भौंतारिदै जानु पर्ने हामी वैदेशिक रोजगार
ज्यानको बाजी राखी बगाउनु पर्ने पसिनाको धारा ।।
विदेशमा नेपालीको आँशु, पसिनाको मुल्य छैन
बाध्यता हो विदेश जानु नेपालीको ईच्छा त होईन ।।
थाहा छैन त्यो देशमा कुन बेला के हुन्छ
आफ्नै मातृभूमी सम्झी यो मन धेरै रुन्छ ।।

❖❖❖

# गजल

✍ झविन्द्र खण्डलुक
गैंडाकोट नवलपरासी

एउटा मनभित्र खोजे मैले गजल
नेपालीले पढ्न रोजे मैले गजल
विदेशीभूमिमा म खोज्दै हिड्दा
एउटा नेपालीबाट बुझे मैले गजल
हजुरवुवाले भन्नुभयो मलाई
स्नाति म पढ्छु अनि सोंचे मैले गजल
विदेशमा भेटीएको एउटा पुस्तक
सबै पल्टाउदा देंखे मैले गजल
खाडीमूलुकहरूमा सबै युवाहरू
नेपालीको दु:ख लेखे मैले गजल

❖❖❖

# विदेश जाँदैमा सुख पाउँछन् भन्दीन म...

✍ श्रीमाया गुरुङ्
गैंडाकोट ३, ढोडेनी
युवा आप्रवासन सूचना केन्द्र परिचालिका

सबै विदेश जाँदैमा सुख पाउँछन् भन्दीन म
सबै विदेश जाँदैमा दु:ख पाउँछन् भन्दीन म
कोही सुख कोही दु:ख यस्तै यस्तै रीत
विदेश जानुभन्दा अगाडि हुनु पर्छ संयमित ।।
वैधानिकरूपमा विदेश जाँउ है साथी
तब मात्र कुनै आपत पर्दैन है हामी माथि ।।
उठौं युवा जुटौं युवा सूचना लिन
पर्दै भोग्दै आएको ठगीबाट बच्न ।।
युवा आप्रवासन सूचना केन्द्रबाट परामर्श लिऔं
सुरक्षित वैदेशिक रोजगारमा जान अगाडि सरौं ।।
विदेशमा नेपाली अलपत्र पर्छन् है
सहयोगी संस्थाको नम्बर लिनु पर्छ है ।।
विदेशको कमाईलाई सदुपयोग गरौं
उत्पादनशील क्षेत्रमा लगानी गरौं ।।

❖❖❖




प्रेषक
**सहमति**
ग्रामीण युवा विकास कार्यक्रम
गैंडाकोट,-५ नवलपरासी
फोन नं. : ०५६-५०२०९०
E-mail: sahamati@wlink.com.np
rdp@sahamati.org
Website : www.sahamati.org

प्रापक

टिकट